नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोनः ९७७-१-४२००८३१, ४२००८३७
फ्याक्सः ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः २०७५।६।२१

केन्द्रीय कार्यसमिति
(२०७३-२०७६)

अध्यक्ष
शेर बहादुर के.सी.

उपाध्यक्ष
उषा मल्ल पाठक
मोतिराज गौतम
घनश्याम पन्त
शालिकराम सापकोटा
विनय सिंह
मदनकुमार खड्का
गंगाराम पाध्याय

महासचिव
खम्मबहादुर खाती

कोषाध्यक्ष
ज्ञानरत्न शाक्य

सचिव
इन्द्रबहादुर अधिकारी

सदस्य
ज्ञानेन्द्र प्रसाद अधिकारी
विष्णु माया भुसाल
अरूण पौड्याल
पदमबहादुर शाही
कृष्णकुमार आङ्गदेम्बे
अस्मिन कुमार राई
लक्ष्मण आचार्य
हरिनारायण चौधरी
कृष्ण प्रसाद पनेरू
इन्दु कोइराला
मधुर पाठक
सानु मैया महर्जन
श्यामकुमार विश्वकर्मा
रमण कुमार कर्ण

# हार्दिक श्रद्धाञ्जली

बरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठको आज मिति २०७५।७।२१ गते लक्ष्मीपूजाका दिन प्रातः कालमा स्वर्गारोहण भएको खवरबाट नेपाल बार एशोसिएशन स्तब्ध भएको छ ।

८२ वर्षीय उहां उच्च शिक्षा हासिल गरी नेपालको कानून व्यवसायको उषाकालदेखि नै सक्रिय रही व्यवसायको विकास र आधुनिकीकरणमा सक्रिय हुनुहुन्थ्यो । कानून व्यवसाय मात्र नभै एक कुशल कानून प्राध्यापकको रुपमा समेत सक्रिय उहांले कानूनी शिक्षा र कानूनी जनशक्तिको विकासमा अहोरात्र खटिई महत्वपूर्ण योगदान पुर्याउनु भएको थियो ।

नेपाल बार एशोसिएशनको मुखपत्र न्यायदूतको संस्थापक मध्येका एक उहांले वाक तथा प्रकाशन स्वतन्त्रताको पक्षमा उभिएवापत तत्कालीन निरंकुश पञ्चायती सत्ताबाट बारम्बार अपमानित हुनु परेको थियो । तापनि उहांको सक्रियतामा कुनै कमी आएन । न्यायदूतको प्रकाशन २०२७ साल देखि हाल सम्म निरन्तर जारी छ ।

उहां बौद्धिकताको प्रतीक हुनुहुन्थ्यो । नेपाली आधुनिक कानूनी साहित्यको जग निर्माणमा उहांको अद्वितीय योगदान रहेकोमा नेपालको कानून क्षेत्रमा कुनै द्विविधा छैन । अनगिन्ती लेखहरुका सर्जक उहांको लेखहरुमा नेपालको कानूनी भाषाको प्राचिनता र आधुनिकताको सम्मिश्रण पाइन्थ्यो जसको अभाव आगामी दिनमा खट्किनेछ ।

निरंकुशकालमा सत्ताद्धारा सताइएका राजवन्दीहरुको रिहाइमा उहां सधैं क्रियाशील रहनु भएको थियो । पंचायत कालरात्रीमा राजवन्दी स्व. भिमनारायण श्रेष्ठ र स्व. क्याप्टेन यज्ञवहादुर थापाको मुद्धाको सुनुवाइको क्रममा पूर्वाञ्चल अदालसमक्ष सैनिक पोशाकका अफिसरहरुको उपस्थितिमा स्वच्छ सुनुवाइ हुनै नसक्ने भनी जिकिर गरी उपस्थित अफिसरहरुलाई पोशाक परिवर्तन गर्न उहांले वाध्य गर्नु भएको घटनाबाट कानून व्यवसायीमा हुनुपर्ने निडरपनको उहां नमूना हुनुहुन्थ्यो भन्ने स्पष्ट हुन्छ ।

नर्वेजियन वार एशोसिएशनको सहकार्यमा नेपाल बार एशोसिएशनको कानूनी सहायता कार्यक्रमको उहाँ सूत्राधार हुनुहुन्थ्यो । नेबाएको अन्तराष्ट्रिय छवि निर्माणमा विभिन्न अन्तराष्ट्रिय सेमिनार गोष्ठीहरुमा सहभागी भई उहांले अतुलनीय योगदान पुर्याउनु भएको थियो ।
दिवंगत वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठलाई नेपालको कानून व्यवसायकाे एक कहिल्यै नअस्ताउने उज्ज्वल नक्षत्रको रुपमा नेवाए स्मरण गर्न चाहान्छ । पार्थिव शरिर हामीमाझ नरहे पनि आफ्ना अमूल्य योगदान मार्फत उहां सधैं हाम्रा माझ रहनु हुनेछ । उहाँप्रति श्रद्धाञ्जली ।

शोकको यस घडीमा उहांको आत्माले चीर शान्ती पाओस भन्ने कामना गर्दै उहांकी धर्मपत्नी अधिवक्ता लक्ष्मी श्रेष्ठ छोरा, अधिवक्ता मिराज श्रेष्ठ लगायत सम्पूर्ण शोक सन्तप्त परिवारप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भन्ने नेवाए कामना गर्दछ ।

साथै श्रद्धाञ्जली व्यक्त गर्न भोलि २०७५।७।२२ का दिन दिनको २:०० वजेदेखि ४:०० वजेसम्म उहांको पार्थिव शरिर नेवाए प्रांगणमा राखिने व्यहोरा अनुरोध गर्दछु ।

खम्मवहादुर खाती
महासचिव